**अनुसूची - २**
**(दफा ४ तथा अनुसूचीको भाग १ सँग सम्बन्धित)**


**चौरजहारी नगरपालिका**

**स्थानीय राजपत्र**

| | | |
|---|---|---|
| **खण्ड : ९** | **सङ्ख्या : १२** | **मिति : २०८२/०९/२८** |

**भाग – २**

**चौरजहारी नगरपालिका**

**प्रकाशन मिति : २०८२०/१०/०४**


## व्यावसायिक मौरी प्रवर्द्धन कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८२

**प्रस्तावना:** यस चौरजहारी नगरपालिका क्षेत्रभित्र मौरीपालन व्यवसाय प्रवर्द्धन तथा सञ्चालन गरी कृषकलाई आत्मनिर्भर, कृषिको व्यवसायीकरण र बजारीकरणमा समेत सहयोग पुऱ्याउन यस नगरपालिकालाई सङ्घ र प्रदेश सरकारबाट सर्सत, समपूरक र विशेष अनुदानका रुपमा र यस नगरपालिका आफैंले मौरीपालन व्यवसाय प्रवर्धन कार्यक्रममा विनियोजन बजेट कार्यान्वनय गर्ने कार्यलाई पारदर्शी, जवाफदेही र वस्तुनिष्ट बनाउन वाञ्छनीय भएकोले चौरजहारी नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

### परिच्छेद १
### प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम चौरजहारी नगरपालिकाको व्यवसायिक मौरी प्रवर्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) ‘आवेदक' भन्नाले कार्यक्रममा सहभागी हुन आवेदन दिने कृषक, कृषक समूह, कृषि सहकारी, निजी कृषि फर्म / उद्यमी सम्झनुपर्छ।

(ख) ‘उत्पादन सामग्री’ भन्नाले मौरीपालनमा प्रयोग हुने मौरीको गोला, खाद्य पदार्थ, आहार, जैविक पदार्थ तथा हर्मोन, पोषक तथा सुक्ष्म तत्त्व, औजार उपकरण लगायतका मह उत्पादन तथा प्रवर्धन कार्यमा टेवा पुऱ्याउने अन्य सामग्री / वस्तुलाई समेत सम्झनु पर्छ।

चौरजहारी नगरपालिका

(ग) 'कार्यक्रम' भन्नाले स्वीकृत मौरीपालन व्यवसाय प्रवर्धन वा सोसँग सम्बन्धित कार्यक्रम सम्झनुपर्छ ।

(घ) 'कृषि पूर्वाधार' भन्नाले सार्वजनिक / सामुदायिक / निजी प्रयोजनका लागि मह उत्पादन, प्रशोधन एवम् बजारीकरण सम्बन्धी विभिन्न पूर्वाधारलाई सम्झनुपर्छ ।

(ङ) 'नगरपालिका' भन्नाले चौरजहारी नगरपालिका सम्झनुपर्छ ।

(च) 'कार्यपालिका' भन्नाले चौरजहारी नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

(छ) 'प्रस्ताव' भन्नाले मौरीपालन व्यवसाय प्रवर्धन कार्यक्रम सञ्चालनका लागि प्राविधिक र आर्थिक सहयोग प्राप्त गर्न पेस गरिएको आवेदन र योजना सम्झनुपर्छ ।

## परिच्छेद २

## उद्देश्य

३. **उद्देश्य :** (१) व्यवसायिक मौरी प्रवर्धन कार्यक्रम कार्यान्वयनका उद्देश्यमा आधारित भइ सञ्चालन गर्नुपर्नेछ ।

(२) व्यवसायिक मौरी प्रवर्धन कार्यक्रम कार्यान्वयन कार्यविधिको उद्देश्य देहायबमोजिम हुनेछ :

(क) मह र महजन्य वस्तुको उत्पादन तथा उत्पादकत्त्व वृद्धि गर्ने

(ख) मौरी र मौरीजन्य उपजहरूको उत्पादन, प्रशोधन र बजारीकरण प्रवर्धनका लागि विभिन्न क्रियाकलापहरू सञ्चालन गरी लक्षित वर्गमा सहयोग पुऱ्याउने

(ग) मौरीपालन व्यवसायको आधुनिकीकरण र व्यसायीकरणमा सहयोग गर्ने

(घ) युवाहरूको लागि स्वरोजगारको अवसर सृजना गरी वैदेशिक रोजगारीलाई निरुत्साहित गर्ने

(ङ) कृषकहरूको आयआर्जनमा टेवा पुऱ्याइ जीवनस्तर सुधारका लागि योगदान गर्ने

४. **स्रोत व्यवस्थापन** : (१) मौरीपालन व्यवसाय प्रवर्धनका लागि बजेट विभिन्न स्रोतबाट प्राप्त गर्न सकिनेछ ।

(२) बजेटको स्रोत व्यवस्थापन देहायबमोजिम हुनेछ ।

(क) सङ्घ सरकारबाट वित्तीय हस्तारण भइ आएका कार्यक्रम समपूरक / विशेष र अन्य

(ख) प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भइ आएका कार्यक्रम समपूरक / विशेष र अन्य

(ग) नगरपालिका आफैंले गरेको बजेट विनियोजन

(घ) अन्य सङ्घसंस्थाबाट प्राप्त बजेट

५. **कार्यक्रम सञ्चालन हुने स्थान** : प्रस्ताव पेस गरी बजेट प्राप्त भए तोकिएको वडाहरूमा र प्रस्ताव पेस नभएर बजेट प्राप्त वा विनियोजन भएको भए उपयुक्तताको आधारमा नगरपालिका क्षेत्रभित्र कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

६. **कार्यक्रम छनोटका आधारहरू** : (१) कार्यक्रम छनोटका आधारहरू देहायबमोजिम हुनेछन् :

(क) मौरीपालन व्यवसाय सुरूवात गरिरहेको र व्यवसाय सुरू गर्न इच्छुक,

(ख) न्यूनतम १० वटा मौरीघार पालन गर्दै आएको र थप मौरीघार संख्या बढाउने स्पष्ट योजना भएको,

(ग) प्राविधिक दृष्टिकोणले मौरीपालनका लागि उपयुक्त उचाई र हावापानी तथा रासायनिक बिषादीको प्रयोग कम हुने क्षेत्र,

(घ) महिला, दलित, जनजाती कृषकहरूलाई प्राथमिकता दिने,

(ङ) कार्यक्रम सञ्चालनको लागि तोकिएको लागत सहभागिता गर्न सक्ने,

(च) मौरीपालन सम्बन्धी तालिम लिएको कृषकहरूलाई प्राथमिकता दिने,

चौरजहारी नगरपालिका

(छ) बेरोजगार इच्छुक कृषि प्राविधिकहरूलाई प्राथमिकता दिने,

७. **सूचना प्रकाशन** : (१) कार्यक्रम सञ्चालनका लागि नगरपालिका कार्यालयले १५ दिनको म्याद राखी **अनुसूची १** बमोजिम सार्वजिनक सूचना प्रकाशन गर्नेछ।

(२) त्यसरी प्रकाशन गरेको सूचना नगरपालिकाको वेवसाइट र सूचना पार्टीमा समेत टाँस गर्नुपर्नेछ।

(३) उपदफा १ बमोजिम सूचना प्रकाशन गर्दा मागबमोजिम आवेदन नपरेमा दोस्रोपटक सात दिनको समयसीमा राखी दोस्रो पटक पुन: सूचना प्रकाशन गर्नुपर्नेछ।

८. **प्रस्ताव पेस गर्नुपर्ने :** (१)लाभग्राही हुन इच्छुक कृषक समूह / सहकारी संस्था / सहकार्य समूह / फर्म / व्यक्तिले प्रस्ताव पेस गर्न सकिनेछ।

(२) प्रस्ताव पेस गर्दा अनुसूची २ बमोजिमको निवेदन र अनुसूची ३ को ढाँचामा प्रस्ताव फाराम र अनुसूची ६ को ढाँचामा प्रतिवद्धतापत्र समेत संलग्न गरी नगरपालिकाको आर्थिक विकास शाखामा प्रस्ताव दर्ताको लागि पेस गर्नुपर्नेछ।

९. **मूल्याङ्कन समिति** : (१) प्रस्ताव मूल्याङ्कन गरी लाभग्राही छनोटको सिफारिस गर्न देहायबमोजिमको मूल्याङ्कन समिति रहनेछ।

(क) आर्थिक विकास शाखा प्रमुख - संयोजक

(ख) प्रशासन तथा योजना शाखा प्रमुख - सदस्य

(ग) पूर्वाधार विकास शाखा प्रमुख - सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ङ) कृषि सेवा केन्द्रमा कार्यरत कृषि अधिकृत - सदस्य सचिव

(२) समितिले बैठकमा आवश्यकताअनुसार बढीमा २ (दुई) जना विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा १ बमोजिम समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) प्राप्त प्रस्तावहरूको योग्यता तथा कामकाजहरूको आधारमा प्रारम्भिक मूल्याङ्कन गर्ने

(ख प्रस्ताव मूल्याङ्कन गरी छनोट गर्ने।

(ग) प्रस्ताव मूल्याङ्कनका आधारहरूको विस्तृतीकरण गर्ने।

(घ) सम्झौताको ढाँचा आवश्यकतानुसार परिमार्जन गर्ने।

१०. **लाभग्राही छनोट र सम्झौता** : (१) दफा ९ बमोजिमको मूल्याङ्कन समितिले अनुसूची ४ मा उल्लेख भएका आधारमा लाभग्राही छनोट गर्नेछ।

(२) नगरपालिका कार्यालयले छनोट भएका लाभग्राहीहरूलाई निर्णय भएको मितिले ७ दिनभित्र जानकारी दिनुपर्नेछ।

(३) छनोट भएका आवेदकले सम्झौताका लागि नगरपालिका कार्यालयको आर्थिक विकास शाखामा सम्पर्क गर्नुपर्नेछ।

(४) तोकेको समयभित्र लाभग्राही सम्झौता गर्न नआएमा क्रमश: दोस्रो प्राथमिकता प्राप्त साझेदारलाई छनोट गर्न बाधा परेको मानिने छैन।

११. **सञ्चालन गरिने क्रियाकलाप :** (१) यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ :

(क) मौरी गोला सहितको घार वितरण (कम्तिमा ५ फ्रेम गुणस्तरीय रानु सहितको स्वस्थ गोला भएको)

(ख) मौरीपालनका लागि आवश्यक सामग्री तथा उपकरण वितरण तथा तालिम सञ्चालन

(ग) मह उत्पादन एवम् प्रशोधनका लागि आवश्यक मेसिनरी उपकरण तथा महको बजारीकरणमा सहयोग

(घ) मौरीपालनका लागि आवश्यक पूर्वाधार सहयोग

(ङ) मौरी चरणजन्य बोट विरुवाहरूको उत्पादन, वृक्षारोपण तथा संरक्षण

(च) मौरीपालनका लागि चिउरी विरुवाको संरक्षण तथा यसको फलको प्रशोधन र बजारीकरण

(छ) अन्य कुनै नवीनतम तथा सृजनात्मक क्रियाकलापहरू

## परिच्छेद ३

## साझेदार रकम र बजेट कार्यान्वनय विधि

**१२. साझेदार रकम** : (१) कार्यक्रममा सहभागी हुन इच्छुक कृषक / कृषि समूह / सहकार्य समूह / सहकारी/ फर्मले नगद साझेदारी गर्नुपर्नेछ ।

(२) त्यसरी साझेदारी गर्ने रकम मौरी गोला, घार र सोसँग सम्बन्धित यन्त्र उपकरण तथा औजारमा २५ प्रतिशत हुनेछ ।

(३) मौरीपालनका लागि आवश्यक चरण क्षेत्रका लागि विरुवा रोपण गर्ने कार्यका लागि भने ५० प्रतिशत वरावरको रकम श्रमदान गर्नुपर्नेछ ।

(४) लाभग्राहीले साझेदारी गर्नुपर्ने रकम नगरपालिकाको विविध खर्च खातामा जम्मा गर्नुपर्नेछ ।

**१३. बजेट कार्यान्वयन विधि** : (१) मौरीपालन व्यवसाय प्रवर्धनका लागि सार्वजनिक खरिद ऐन र नियमावलीका साथै अन्य प्रचलित नियमकानुनको पालना गर्नुपर्नेछ ।

(२) छनोट भएका कृषक समूह / कृषक सहकार्य समूह / कृषक / कृषि फर्म / सहकारीसँग रु. १० लाखसम्मको बजेट सिधैं सम्झौता गरी पेस हुन आएका बिल भरपाइका आधारमा भुक्तानी गर्न सकिनेछ ।

(३) २० लाख सम्म रकम विनियोजन भएको बजेट छनोट भएका कृषक समूह / कृषि सहकारीसँग द्विपक्षीय सम्झौता गरी कार्यान्वयन गर्नुपर्नेछ ।

(४) २० लाखभन्दा बढी बजेट विनियोजन भएमा विद्युतीय बोलमार्फत् ठेक्का आह्वान गरी खरिद प्रक्रिया अघि बढाउनुपर्नेछ ।

**१४. सम्झौता तथा कार्यादेश** : (१) छनोट भएका लाभग्राहीहरूसँग कार्यक्रम कार्यान्वयनको लागि नगरपालिका कार्यालयले सम्झौता गर्नुपर्नेछ ।

(२) छनौट भएका प्रस्तावकहरूले **अनुसूची ५** बमोजिमको निवेदन ढाँचामा सम्झौताका लागि निवेदन दिनुपर्नेछ ।

(३) लाभग्राहीसँग **अनुसूची ६** बमोजिम सम्झौता गरी सम्झौता बमोजिम कार्यादेश समेत दिनुपर्नेछ ।

## परिच्छेद ४

## अनुगमन तथा मूल्याङ्कन

**१५. अनुगमन तथा मूल्याङ्न** : (१) यस कार्यविधिअनुसार सञ्चालित कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्न गर्नुपर्नेछ ।

(२) उपदफा १ बमोजिमको अनुगमन तथा मूल्याङ्कन समिति देहायबमोजिम हुनेछ

(क) नगर उपप्रमुख – संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ग) आर्थिक विकास शाखा प्रमुख – सदस्य

(घ) पूर्वाधार विकास शाखा प्रमुख - सदस्य

(ङ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(च) कृषि सेवा केन्द्र प्रमुख - सदस्य

(३) कार्यक्रम कार्यान्वनयको अवस्थाका सम्बन्धमा नियमित अनुगमन गर्ने कार्य सम्बन्धित वडा कार्यालय र नगर कार्यपालिका कार्यालयको आर्थिक विकास शाखाको हुनेछ।

(४) अनुगमनका क्रममा जिम्मेवार निकाय / पदाधिकारीले दिएको लिखित निर्देशन तथा पृष्ठपोषण लाभग्राहीले सुरक्षित राख्नुपर्नेछ।

(५) जिम्मेवार निकाय / पदाधिकारीले दिएको निर्देशन पालना गर्नु लाभग्राहीको कर्तव्य हुनेछ।

(६) नगरपालिका कार्यालयले लाभग्राहीको कार्यक्रम सञ्चालनको लेखा रुजु गर्न सक्नेछ र यस सम्बन्धी हिसाब देखाउने दायित्त्व लाभग्राहीको हुनेछ।

१६. **कारबाही :** (१) यस कार्यविधिबमोजिम कार्यक्रम कार्यान्वनयका लागि प्राप्त रकम सम्झौताबमोजिम प्रयोग नगरी अन्यत्र प्रयोग गरेको पाइएमा वा हिनामिना भएको प्रमाणित भएमा देहाय बमोजिमको सजाय गर्न सकिनेछ।

(क) सम्बन्धित पक्षबाट प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह असुल उपर गर्ने।

(ख) नगर कार्यपालिका तथा मातहतका कार्यालयबाट प्रदान गरिने अनुदानका कार्यक्रममा समावेश नगर्ने।

(ग) वडा कार्यालयबाट कुनै पनि सिफारिस उपलब्ध नगराउने।

(घ) सम्बन्धित अनुदानग्राहीलाई कालो सूचीमा राख्ने र सोको जानकारी सम्बन्धित अन्य कार्यालयमा पठाउने।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विपद् वा अन्य कुनै काबु बाहिरको परिस्थितिबाट क्षति भएको अवस्थामा भने उक्त क्षतिको प्रमाणित (प्रहरी मुचुल्का, वडा कार्यालयको सिफारिस) पेस गरेको अवस्थामा मनासिव लागेमा मिनाह गर्न सकिनेछ।

१७. **दोहोरो सुविधा लिन नपाउने :**(१) लाभग्राहीले एउटै कामको लागि एकभन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि अन्य साझेदार निकायसँग स्पष्टसँग सम्झौता भइ लागत इस्टिमेटमा समेत साझेदारीको हिस्सा उल्लेख गरिएको अवस्थामा अनुदान प्रदान गर्न बाधा पर्ने छैन।

१८. **प्रतिवद्धता गर्नुपर्ने** : (१) मौरीपालन व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वनयका छनौट भएका लाभग्राहीले नगरपालिका कार्यालयमा सम्झौताका बखत प्रतिवद्धता समेत गर्नुपर्नेछ।

(२) उपदफा १ बमोजिम गर्नुपर्ने प्रतिवद्धताको ढाँचा **अनुसूची ७** बमोजिम हुनेछ।

(३) प्रतिवद्धता विपरित भएको पाइएमा नगर कार्यपालिकाले दफा १६ बमोजिम कार्वाही गर्न सक्नेछ।

## परिच्छेद ४

## विविध

१९. **पुरस्कृत गर्न सकिने :** (१) कार्यक्रमको निरन्तरता पश्चात् कार्यक्रम सञ्चालन गरेका बिभिन्न कृषक/कृषक समूह/कृषक सहकार्य समूह/कृषि सहकारी/निजी फर्म तथा उद्यमीहरूबीच उत्कृष्ट कार्य सम्पादन गर्नेलाई पुरस्कृत गर्न सकिनेछ।

(२) सम्झौतामा तोकिएको समयभन्दा अगाडि निर्धारित मापदण्ड तथा गुणस्तरीय कार्य सम्पन्न गरेमा कार्यक्रम कार्यान्वयन गर्ने कृषक समूहलाई नगरसभा पुरस्कृत गर्न सकिनेछ।

२०. **जवाफदेही हुनुपर्ने** : (१) यस कार्यविधिमा तोकिएका सर्त पालना गरी सम्बन्धित पक्षले जवाफदेहिता पूरा गर्नुपर्नेछ।

(२) सम्बन्धित स्थानमा लाभग्राहीले सम्झौतामा उल्लेख भए बमोजिम संरचना निर्माण नगरेमा वा झुट्टा विवरण र कागजात पेस गरेको पाइएमा कानुनबमोजिम लाभग्राही नै जवाफदेही हुनेछ।

२१. **व्याख्या तथा बाधा अडकाउ फुकाउन सक्ने :** (१) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्दा कुनै विषयको व्याख्या तथा बाधा अड्काउ परेमा नगर कार्यपालिकाको कार्यालयले व्याख्या तथा बाधा अडकाउ फुकाउन सक्नेछ।

चौरजहारी नगरपालिका

## अनुसूची १

### दफा ७ को उपदफा (१) सँग सम्बन्धित

### <u>व्यवसायिक मौरी प्रवर्धन कार्यक्रमका लागि प्रस्ताव आह्वानको सूचना !</u>

**(प्रकाशन मिति : ...............गते)**

**ने.स. : ...............**

चौरजहारी नगरपालिका रुकुम (पश्चिम भाग) को आर्थिक वर्ष .............को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अनुसार '..............' शीर्षकको बजेट नगरपालिकाको व्यवसायिक मौरी प्रवर्धन कार्यक्रम कार्यान्वयन कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम कार्यान्वनय गर्नुपर्ने भएकोले यस चौरजहारी नगरपालिका क्षेत्रभित्रका मौरीपालन व्यवसाय सञ्चालन एवम् प्रवर्धन गर्न इच्छुक कृषक/ कृषक समूह / कृषक सहकार्य समूह / सहकारी / फर्महरू लाभग्राहीको रुपमा छनोट गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन भएको मितिले १५ दिन अर्थात् मिति ..................गते कार्यालय समयभित्र तपसिलका कागजातहरूसहित यस नगरपालिकाको आर्थिक विकास शाखामा तोकिएको ढाँचामा प्रस्ताव पेस गर्न सकिने जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**<u>तपसिल</u>**

१. कार्यविधिको अनुसूची २ बमोजिम आवेदन फाराम,
२. कार्यविधिको अनुसूची ३ अनुसारको सङ्क्षिप्त व्यवसायिक योजना / प्रस्ताव फाराम,
३. कार्यविधिमा उल्लेखित अनुसूची ७ अनुसार प्रतिवद्धता पत्र,
४. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,
५. तालिम , शैक्षिक योग्यता लगायतका अन्य प्रमाणित प्रमाणपत्रहरूको प्रतिलिपि,
६. कृषि समूह/सहकार्य समूह/सहकारी/कृषि फर्महरूको हकमा सम्बन्धित निकायमा दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
७. कृषि समूह/सहकार्य समूह/सहकारी/कृषि फर्महरूको हकमा कार्यसमितिको बैठक बसी प्रस्ताव पेस गर्ने निर्णय गरेको प्रतिलिपि,
८. कृषक समूह /कृषक सहकार्य समूह /सहकारी /कृषि फर्महरूको हकमा करचुक्ता प्रमाणपत्र तथा लेखापरीक्षण प्रतिवेदन,
९. सम्बन्धित वडा कार्यालयको सिफारिस।

**<u>द्रष्टव्य</u>**

- मौरी गोला घारका लागि लाभग्राहीले २५ प्रतिशत रकम लागत साझेदारी गर्नुपर्नेछ।
- उत्पादनको आकार, अनुभव र तालिम, प्रत्यक्ष रोजगारी सृजना, वर्ग / समुदाय, यस अघि अनुदान प्राप्त र सदुपयोग, रकम साझेदारी, अनुकूलित वातावरण र व्यवसायिक योजनाको आधारमा १०० पूर्णाङ्कमा प्राविधिक मूल्याङ्कन भइ योग्यताक्रमका आधारमा लाभग्राही छनोट गरिनेछ।
- थप जानकारीका लागि नगरपालिकाको आर्थिक विकास शाखामा सम्पर्क गर्नुहोला।

चौरजहारी नगरपालिका

**अनुसूची-२**
**(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)**

मिति :

**विषय : मौरीपालन व्यवसाय प्रवर्द्धन कार्यक्रममा सहभागी हुन पाउँ।**

**श्री प्रमुख प्रशासकीय अधिकृतज्यू**
**चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रुकुम (पश्चिम भाग) ।**

उपर्युक्त विषयमा चौरजहारी नगरपालिका कार्यालयबाट मिति ……….. मा प्रकाशित सूचना अनुसार मौरीपालन व्यवसाय प्रवर्द्धन कार्यक्रममा म / हामी …………………………… कृषक / कृषक समूह / सहकारी / कृषक सहकार्य समूह / कृषि फार्म समावेश हुन इच्छुक भएकोले उक्त कार्यक्रम सञ्चालनको लागि मौरीपालन व्यवसाय प्रवर्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ अनुसूची ३ को ढाँचामा प्रस्तावना तयार गरी यसै निवेदन साथ आवश्यक कागजातसहित संलग्न गरी पेस गरिएको व्यहोरा सादर अनुरोध छ।

चौरजहारी नगरपालिका

**निवेदक**

कृषक/कृषक समूह/सहकारी/कृषक सहकार्य समूह/फार्मको

नाम :

पद:

सम्पर्क नं. :

मिति :

संस्थाको छापः

## अनुसूची-३

**(दफा ८ को उपदफा २ सँग सम्बन्धित)**

**मौरीपालन व्यवसाय प्रवर्द्धन कार्यक्रमको लागि प्रस्ताव फाराम**

**कृषक /कृषक समूह / सहकारी / निजी फर्म / उद्यमीले भर्ने प्रयोजनको लागि**

**१. कृषक समूह / कृषक सहकार्य समूह / कृषि सहकारी / निजी फर्मको नामः**…..........................

(क) ठेगानाः……………………………  (ख) दर्ता नं.…

(ग) आधिकारी प्रतिनिधिको नामः………………

**२. कृषक/उद्यमीको नाम, थरः** ............................................... नागरिकता प्र.प.नं: ..................

जारी जिल्लाः .................................. जारी मितिः .....................................

स्थायी ठेगाना :

जिल्लाः........... गा.पा. / न.पा....................वडा नं.: .............  टोलः....................................

**३. सम्पर्कः** (क) मोवाइल नं.: ..................................... फोन नं.: ................................  ५. सदस्य संख्याः (क) महिला .................. (ख) पुरुष.................. (ग) जम्मा ...................

**४. जात** : (क) आदिवासी / जनजातीः........... ख) दलितः.......... ग) अन्यः........... जम्माः...........

**५. आवश्यक सामाग्री तथा क्रियाकलापहरुको विवरणः**

| क्र.स. | सामाग्रीको नाम | मोडेल/ साइज/ नाम | परिमाण | दररेट (रु) | जम्मा रकम रु | अनुदान रकम रु | अनुदानग्राहीले व्यहोर्ने रकम रु |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

निवेदकको नाम, थरः .........................................

सही :

मितिः

सम्पर्क नं :

छाप :

चौरजहारी नगरपालिका

## अनुसूची ४

## (दफा ९ को उपदफा ३ (ख) सँग सम्बन्धित)

**प्रस्ताव मूल्याङ्कनका आधारहरू**

| क्र.सं. | नाम | ठेगाना | उत्पादनको आकार (घार संख्या) | अनुभव /तालिम | रोजगारी सिर्जना | वर्ग / समुदाय | अनुदानको अवस्था | प्रस्तावकको स्वलगानी क्षमता | साझेदारी | नवीनतम सोच र दिगोपना | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १५ | २० | १५ | १० | १० | १० | १० | १० | १०० |

१. **उत्पादनको आकार** : १० घारका लागि ५ अङ्क २० घारका लागि १० अङ्क र २५ घारका लागि १५ अङ्क

२. **अनुभव र तालिम** : तालिमा प्राप्त गरी व्यवसाय सञ्चालन गरेको भए २० तालिम लिएको तर व्यवसाय सञ्चालन नगरेको भए १०

३. **प्रत्यक्ष रोजगारी सृजना** : एकाघरको बाहेक अन्य २ जनालाई रोजगारी दिने १५ त्यसैगरी १ जनालाई रोजगारी दिए १० स्वरोजगार हुने भए ७

४. **वर्ग / समुदाय** : अन्य भए ५, जनजाति भए ७ र दलित / महिला भए १० अङ्क

५. **अनुदानको अवस्था** : हालसम्म अनुदान प्राप्त नगरेको भए १० अङ्क र कुनै अनुदान प्राप्त गरेको भए ५ अङ्क

६. **साझेदारी** : २५ प्रतिशत रकम साझेदारी गर्न इन्छुक भए १० अंक इच्छुक नभए ० अङ्क

७. **व्यवसायका लागि अनुकूलित वातावरणीय पक्ष** : मौरीका लागि पर्याप्त चरण क्षेत्र र बिषादी कम प्रयोग हुने क्षेत्र भएको भए १० अङ्क चरण क्षेत्र व्यवस्थापन गर्न सकिने ५ अङ्क

८. **व्यवसायिक योजना सम्बन्धी** : नवीनतम सोच दीगोपना लगायतका विषयहरू तथा स्थलगत प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्याङ्कन गरी ५ देखि १० अङ्क प्रदान गर्न सकिने

चौरजहारी नगरपालिका

**अनुसूची ५**

**(दफा १४ (२) सँग सम्बन्धित)**

मिति :

**विषय : सम्झौता गरी पाऊँ ।**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रुकुम (पश्चिम भाग)

उपर्युक्त विषयमा मौरीपालन व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयन गर्न म/ हामी/ हाम्रो ..........................................................कृषक/कृषक समूह/कृषक सहकार्य समूह/कृषि सहकारी/कृषि फार्म चौरजहारी नगरपालिका- ... रुकुम (पश्चिम भाग) मौरीपालन व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम गठन भइ कार्यक्रम कार्यान्वयन गर्न इच्छुक भएकोले आवश्यक कागजातहरू यसै निवेदन साथ संलग्न गरी सम्झौता लागि सादर अनुरोध छ ।

**निवेदक**

नामथर :

पद:

सम्पर्क नं. :

मिति :

आधिकारीक छापः

चौरजहारी नगरपालिका

## अनुसूची ६

**(दफा १४ को उपदफा (३) सँग सम्बन्धित)**

चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रुकुम (पश्चिम भाग) र श्री …………………समूह / सहकारी /कृषक सहकार्य समूह / कृषि फार्म / कृषक चौरजहारी नगरपालिका वडा नं……… बीच मौरीपालन व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि

सम्झौता पत्र

यो सम्झौता पत्र चौरजहारी नगरपालिका कार्यालय रुकुम (पश्चिम भाग) (यस पछि पहिलो पक्ष भनिएको) र श्री …………………… चौरजहारी नगरपालिका वडा नं…… (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिलको सर्त बमोजिमको कुराहरूलाई पालना गर्ने कुरामा मञ्जुर भइ यो सम्झौता पत्रमा हस्ताक्षर गरेका छौं।

१. दोस्रो पक्षले पेस गरेको प्रस्ताव र प्राविधिकले तयार गरी स्वीकृत भएको लागत अनुमानमा आधारित भइ .............. भित्र कार्य सम्पन्न गरिसक्नु पर्नेछ।

२. यस सम्झौता बमोजिम मौरीपालन व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित कार्य दोस्रो पक्ष आफैले गर्नुपर्नेछ। दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन।

३. प्रथम पक्षले दोस्रो पक्षलाई प्राविधिक लागत अनुमान अनुसारको कार्य सञ्चालन गरी आवश्यक बील भर्पाई तथा अन्य कागजातहरूको र मूल्याङ्कनको आधारमा एकमुष्ट रकम भुक्तानी गरिनेछ

४. विनियोजित रकममा कार्यको प्रकृति हेरि लाभग्राहीले व्यहोर्नुपर्ने लागत स्टीमेटमा उल्लेख भए बमोजिमको रकम द्वितीय पक्षले श्रमदान तथा लागत सहभागिता गर्ने गरी लागत अनुमान तयार गर्नुपर्नेछ।

५. दोस्रो पक्षले सम्झौता बमोजिमको कार्यक्रमका लागि सम्झौतामा समावेश गरिएको श्रोत वाहेक अन्य कुनै सरकारी, गैहसरकारी संघसंस्थाबाट सहयोग, अनुदान आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ।

६. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नुपर्नेछ।

७. सम्पूर्ण विवरण र लागत खुलाई सर्वसाधारण सबैले देख्ने गरी सार्वजनिक स्थानमा दोस्रो पक्षले सूचना पाटी/होर्डिंग बोर्ड राख्नुपर्नेछ।

८. प्रथम पक्षको कर्मचारी जनप्रतिनिधिको उपस्थितिमा दोस्रो पक्षले कार्यक्रमको कार्यसम्पन्न भए पछि अन्तिममा एक पटक सार्वजनिक सुनुवाई (Public Audit) अनिवार्य गराउनुपर्नेछ।

९. प्रथम पक्ष समक्ष रकम भुक्तानीको निवेदन पेस गर्दा उक्त सार्वजनिक सुनुवाई कार्यक्रमको कागजपत्र र एक प्रति रंगिन फोटो समेत संलग्न राखी पेस गर्नुपर्नेछ।

१०. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिंदा प्रथम पक्ष समक्ष बिल पेस गरेपछि सम्बन्धित दोस्रो पक्षको नाममा बैंक मार्फत भुक्तानी दिनेछ।

चौरजहारी नगरपालिका

११. दोस्रो पक्षको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।

१२. दोस्रो पक्षले सम्झौताको सर्त र कार्य तालिका बमोजिम मितिसम्म यो सम्झौता बमोजिमको सम्पूर्ण कार्य (डिजाइन र इष्टिमेटअनुसार) पूर्ण रुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ।

१३. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा दुवै पक्षको उपस्थितिमा समझदारी गर्न सकिनेछ र प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ।

१४. दुवै पक्ष बीच सम्झौता भएको मितिदेखि लागु हुने गरी प्रथम पक्षले दोस्रो पक्षलाई कार्यक्रम सञ्चालन गर्नको लागि कार्य आदेश दिएको मानिनेछ।

१५. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियमअनुसार हुनेछ ।

पहिलो पक्ष

दस्तखतः

नामः

पद:

सम्पर्क नम्बरः

मितिः

कार्यालयको छापः-

दोस्रो पक्ष

दस्तखतः

नामः

पदः

सम्पर्क नं.

मितिः

छापः

चौरजहारी नगरपालिका

## अनुसूची ७
### (दफा १८ (२) सँग सम्बन्धित)
### <u>प्रतिवद्धता पत्र</u>

चौरजहारी नगर कार्यपालिकाको कार्यालय रुकुम (पश्चिम) को मिति ................................ सूचना अनुसार मौरीपालन व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि इच्छुक भई सोको प्रस्ताव फाराम सहितको आवेदन पेश गरेको छौं । उक्त कार्यक्रममा छनौट भएमा प्रस्ताव फाराम र सम्झौतामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र ........... वर्ष सम्म निरन्तरता दिनेछौं । सो सम्झौता अनुसारको कार्य नगरेमा वा ........(.....) वर्ष अगावै मौरीपालन व्यवसाय प्रवर्द्धन कार्यक्रमबाट उपलब्ध सामाग्रीहरूको सही सदुपयोग नगरेमा मौरीपालन व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ र प्रचलित कानून बमोजिम आवश्यक कार्वाही भोग्न तयार भइ यो प्रतिबद्धता व्यक्त गर्दछौं । अन्यथा प्रचलित कानून बमोजिम सहुँला / बुझाउँला ।

**<u>आवेदकको तर्फबाट</u>**

नाम:

पद:

सम्पर्क नम्बर:

दस्तखतः

मिति:

संस्थाको नामः

ठेगाना:

संस्थाको छाप

औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

चौरजहारी नगरपालिका

आज्ञाले,
शेरप्रसाद ढकाल
नि.प्रमुख प्रशासकीय अधिकृत